**मिति २०७७ अषाढ २४ गते बसेको पाचौं नगरसभाको बन्द सत्रको प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्तावहरु :**

१. आ.व. २०७६/०७७ को आम्दानी खर्च अनुमोदन सम्बन्धमा ।
२. रकम मिनाहा सम्बन्धमा ।
३. कुचिकारहरुको तलब सम्बन्धमा ।
४. अधिकार दिने सम्बन्धमा ।
५. पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धमा ।
६. आ.व. २०७६/०७७ को कार्य तथा प्रगति सम्बन्धमा ।
७. आगामी आ.व. २०७७/०७८ को विनियोजन ऐन सम्बन्धमा ।
८. आ.व. २०७६/०७७ को यथार्थ तथा संशोधित आय व्यय विवरण र आ.व. २०७७/०७८ को लागि प्रस्तावित वार्षिक आय व्यय विवरण सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** यस गोदावरी नगरपालिकाको आ.व. २०७६/०७७ को अषाढ २३ गते सम्मको आम्दानी खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** यस गोदावरी नगरपालिकामा कार्यरत सहायक स्तर चौथो श्री जयन्ती रानाको मिति २०७७/०१/०५ गते असामहिक निधन भएको हुदा वडा नं. ११ को कार्य सञ्चालन वापतको रकम रु. २,००,०००।- र सेवा सञ्चालन वापतको पेस्की रकम रु. ५,०००/- गरी जम्मा रकम रु. २,०५,०००।- (दुई लाख पाँच हजार) मिनाहा गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** यस गोदावरी नगरपालिका अत्तरिया बजार क्षेत्र भित्रको सरसफाई गर्ने कुचिकारहरुको खाईपाई आएको तलबमा १,५००।- (एक हजार पाँच सय) थप गरी मिति २०७७ श्रावण १ गते देखि लागू हुने गरी रु. १३,५००।- (तेह्र हजार पाँच सय) मासिक तलब कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** यस गोदावरी नगरपालिकाको आयोजनाहरुको विनियोजित रकमको कन्टेन्जेन्सीबाट आवश्यकता अनुसार मासिक ज्यालादारीमा कर्मचारी भर्ना गर्न प्रमुख प्रशासकिय अधिकृतलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.५ :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को अनुसूची १ (ख) को नोटको बुदा नं. ४ क्र.सं. ९ बमोजिम चार पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम १७० लिटर ईन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उप-प्रमुखलाई अधिकतम १५० लिटर ईन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर र वडाध्यक्षलाई दुई पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २५ लिटर ईन्धन मासिक र तीन महिनाममा मोबिल एक लिटर भन्दा नबढ्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६ :** यस गोदावरी नगरपालिकाको आ.व. २०७६/०७७ को सम्पूर्ण कार्य तथा प्रगतिको समिक्षा गरियो ।

**निर्णय नं.७ :** नेपालको संविधानको धारा २२८ र २२९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ र १०२ (१०) ले दिएको अधिकार प्रयोग गरी यस गोदावरी नगरपालिकाको विनियोजन ऐन, २०७७ स्विकृती गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** गोदावरी नगरपालिकाका नगर प्रमुख श्री हरिसिंह साउँदज्यूको तर्फबाट पेश भएको गोदावरी नगरपालिकाको आ.व. २०७६/०७७ को यथार्थ तथा संशोधित आय व्यय विवरण, आ.व. २०७७/०७८ को लागि प्रस्तावित वार्षिक आय व्यय विवरण र आ.व. २०७७/०७८ को प्रस्तावित एकिकृत थप अनुमान पारित गर्ने निर्णय गरियो । जुन अनुसूचीमा रहेका छन् ।